## पुरस्कार तथा सम्मान तालिका:

| सि.नं. | पुरूषतर्फ | पुरस्कार राशी | सम्मान | महिलातर्फ | पुरस्कार राशी | सम्मान |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | रू. २५००० | मेडल | प्रथम | रू. २५००० | मेडल |
| २ | द्वितीय | रू. २०००० | मेडल | द्वितीय | रू. २०००० | मेडल |
| ३ | तृतीय | रू. १५००० | मेडल | तृतीय | रू. १५००० | मेडल |
| ४ | चौथों | रू. १०००० | मेडल | चौथों | रू. १०००० | मेडल |
| ५ | पाँचौं | रू. ५००० | मेडल | पाँचौं | रू. ५००० | मेडल |
| ६ | छैठौ. | रू. २५०० | मेडल | छैठौ. | रू. २५०० | मेडल |
| ७ | सातौं | रू. २००० | मेडल | सातौं | रू. २००० | मेडल |
| ८ | आठौ. | रू. १५०० | मेडल | आठौ. | रू. १५०० | मेडल |
| ९ | नवौं | रू. १५०० | मेडल | नवौं | रू. १५०० | मेडल |
| १० | दसौं | रू. १५०० | मेडल | दसौं | रू. १५०० | मेडल |

## गण्डकी प्रदेश:

| सि.नं. | पुरूषतर्फ | पुरस्कार राशी | सम्मान | महिलातर्फ | पुरस्कार राशी | सम्मान |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | रू. ५००० | मेडल | प्रथम | रू. ५००० | मेडल |
| २ | द्वितीय | रू. ३००० | मेडल | द्वितीय | रू. ३००० | मेडल |
| ३ | तृतीय | रू. २५०० | मेडल | तृतीय | रू. २५०० | मेडल |

## पालुङटार नगरपालिका:

| सि.नं. | पुरूषतर्फ | पुरस्कार राशी | सम्मान | महिलातर्फ | पुरस्कार राशी | सम्मान |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | रू. २५०० | मेडल | प्रथम | रू. २५०० | मेडल |
| २ | द्वितीय | रू. २००० | मेडल | द्वितीय | रू. २००० | मेडल |
| ३ | तृतीय | रू. १००० | मेडल | तृतीय | रू. १००० | मेडल |

सबै सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरिने छ ।



**आयोजक**
लिगलिग भिलेज स्पोर्टस्

**प्रायोजक**
नेपाल पर्यटन बोर्ड
पालुङ्टार नगरपालिका

**सहप्रायोजक**
सिरानचोक गाउँपालिका
राइनास नगरपालिका


**प्राविधिक सहकार्य**

**मिडिया सहकार्य**

**Online Payment**

**रेस रूट भोलिन्टेयर**
बौद्ध हिमाल युवा क्लब

**Communication Support**




## सम्पर्क

अफिसियल वेवसाइट : www.ligligkot.com । अफिसियल फेसबुक पेज : www.fb.com/ligligcyclerace
अफिसियल इमेल : llvs.cycle@gmail.com

*lively liglig*



# Liglig Cycle Race
# लिगलिगे साइकल दौड
७ फागुन, २०७७

Oragnized By:

Supported By:

पालुङटार नगरपालिका

Promoted By:

## पृष्ठभूमि

गोरखा जिल्लाको पालुङटार नगरपालिका स्थित लिगलिगकोट चौबिसे राज्यकालमा छुट्टै राज्य थियो । यहाँका मगर घले जातिमा दशैंको दिन लिगलिगकोटसम्म दौडेर जसले जित्छ, त्यही व्यक्ति एक वर्षका लागि राजा (वाङ) हुने लोकतान्त्रिक परम्परा थियो । पछि लमजुङका ठकुरी राजकुमार द्रब्य शाहले यहाँको शासन हातमा लिए । पछि उनैका सन्तान पृथ्वीनारायण शाहले आधुनिक नेपालको जग बसाले ।



लिगलिगकोट ऐतिहासिक रूपमा मात्र महत्वपूर्ण छैन, सांस्कृतिक विविधता र प्राकृतिक सुन्दरताले पनि भरिपूर्ण छ । लिगलिगकोटको इतिहास, मौलिक संस्कृतिको जगेर्ना, वातावरण संरक्षणको सन्देश दिन, वातावरण मैत्री साइकल संस्कारको विकास तथा विस्तार गर्ने उदेश्यले प्रथम लिगलिगे साइकल दौड' प्रतियोगिताको आयोजना गर्न गइरहेका छौं ।

## लिगलिगे साइकल दौड

इतिहासमा यहाँ दौडेर राजा हुने परम्पराका बारेमा पढ्न पाइन्छ । उक्त परम्पराको झल्को दिने गरी MTB XCM 'लिगलिगे साइकल दौड' आयोजना हुनेछ । यसले स्थानीय संस्कृतिको संरक्षण, पर्यापर्यटन तथा साहसिक खेलको विकास गर्नेछ । यस कार्यक्रमको माध्यम बाट लिगलिगकोटको प्रचार प्रसारमा सहयोग पुग्ने तथा यस ठाउँको आन्तरिक तथा वाह्य पर्यटन विकासमा टेवा पुग्ने आशा लिएका छौं ।

सिरानचोक गाउँपालिकाको सिरानचोक कोट तत्कालिन गोरखा राज्यको रक्षा किल्लाको रूपमा रहेको थियो भने लमजुङको राइनास कोटबाट द्रब्य शाह लिगलिग कोट आएको बताइन्छ ।

छिमेकी सिरानचोक गाउँपालिका र राइनास नगरपालिकाका केहि क्षेत्रहरूलाई समेत यस साइकल दौडले समेटीएको छ ।

साइकल दौड अन्तराष्ट्रिय मान्यता कायम राखि नेपाल साईक्लिङ संघको राष्ट्रिय नियम अनुसार खेलाईने छ ।







## लिगलिग भिलेज स्पोर्टस्

लिगलिग भिलेज स्पोर्टस् लिगलिगकोट क्षेत्रको इतिहास, संस्कृति र प्रकृतिलाई साहसिक खेलकुदको माध्यमबाट उजागर गरी पर्यटनको विकास गर्ने उदेश्यबाट स्थापित स्थानीय युवाहरूको गैरनाफामूलक संस्था हो । यसले ऐतिहासिक पर्यटकीय सम्भावना बोकेको लिगलिग क्षेत्रको समग्र विकास र समृद्धिका लागि साहसिक खेलकुद र पर्वतीय पर्यटनको माध्यमवाट देश विदेशमा चिनाएर स्थानीय समुदायहरूमा उद्यमशीलताको विकास गर्ने प्रमुख उदेश्य राखेको छ ।



## प्रायोजक:

**१) नेपाल पर्यटन बोर्ड** (www.welcomenepal.com):

नेपाली पर्यटनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार प्रबर्द्धनको जिम्मेबारी पाएको निकाय हो नेपाल पर्यटन बोर्ड । लिगलिगकोटको ऐतिहासिक तथा पुरातात्विकका साथै यहाँको सांस्कृतिक विविधता र प्राकृतिक सुन्दरतालाई उजागर गरेर पर्यटनको विकास गर्न सकिने हुँदा यस लिगलिगे साइकल दौडलाई नेपाल पर्यटन बोर्डले प्रायोजनमा सहकार्य गरेको हो ।

**२) पालुङटार नगरपालिका** (www.palungtarmun.gov.np):

पालुङटार नगरपालिकाले नगरको विकास तथा समृद्धिको एउटा आधारको रूपमा पर्यटनलाई लिएको छ । लिगलिगकोटलाई पालुङटार नगरपालिकाले नगरपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रूपमा प्रवर्द्धन गर्दै आएको छ । यस ऐतिहासिक लिगलिगकोटलाई खेल पर्यटन मार्फत अन्तराष्ट्रिय स्तरमा समेत प्रवर्द्धन गर्ने लक्ष्य स्वरूप खेलकुदका विविध गतिविधिहरू मध्ये एक लिगलिगे साइकल दौड मार्फत यस क्षेत्रको साहसिक खेल पर्यटन विकासमा योगदान पुग्ने हुनाले पालुङटार नगरपालिकाले प्रायोजन गरेको हो ।

## कार्यक्रम तालिका

| | | |
|---|---|---|
| कार्यक्रम मिति | : | २०७७ फागुन ७ गते, शुक्रबार |
| रजिष्ट्रेशन खुल्ला हुने मिति | : | २०७७ माघ ०७ गते, बुधबारबाट सुरू |
| रजिष्ट्रेशन अन्तिम मिति | : | २०७७ माघ २७ गते<br>(तोकिएको समायावधि भित्रै अनलाइन दर्ता गरिसक्नु पर्नेछ ।) |
| स्थान | : | पालुङटार नगरपालिका-२, आँपपिपल, लिगलिगकोट |
| टेक्निकल ब्रिफिङ्ग | : | विहान ९:०० बजे |
| समुद्घाटन | : | विहान ९:३० बजे |
| दौड सुरू हुने समय | : | बिहान १० बजे<br>(दौडको रूट नक्सामा दिइए अनुसार हुनेछ) |
| पुरस्कार वितरण तथा समापन | : | दिउसो ३:०० बजे |
| सांस्कृतिक महोत्सव | : | दौडको समापन पछि सांस्कृतिक महोत्सवको कार्यक्रम गरिने छ । साँस्कृतिक महोत्सवमा स्थानीय कलाकारहरूले सोरठी, चुड्का, लाखे, लोकदोहोरी तथा अन्य सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गर्नेछन् भने सहभागीहरूले पनि नाचेर मनोरञ्जन लिन सक्नेछन् । |

## रजिष्ट्रेशन शुल्क

**नेपाली:** रू. १५००/-  **सार्क मुलुक:** रू. ५०००/-  **सार्क बाहिर मुलुक:** रू. १००००/-

## रजिष्ट्रेशन गरेपछि हुने सुविधाहरु

१) पृथ्वी राजमार्गको डुम्रेबाट कार्यक्रम स्थलसम्म र कार्यक्रम स्थलबाट डुम्रेसम्म आवश्यकता अनुसार पिक एण्ड ड्रपको व्यवस्था गरिएको छ । मिति २०७७ फागुन ०६ गते दिउसो १:०० वजे डुम्रेवाट पिकअप र मिति २०७७ फागुन ०८ गते लिगलिगवाट डुम्रे सम्म विहान ९ वजे ड्रप गरिनेछ । (नोटः ६ गते भन्दा अगावै आफ्नै खर्चमा लिगलिगसम्म आउने भए काठमाडौंवाट दैनिक बिहान सार्वजनिक माइक्रो र बस, पोखरा र नारायणगढबाट बस आउने सुविधा पनि छ ।)

२) लिगलिगकोट होमस्टे तथा टेन्ट हाउसहरूमा ६ र ७ गते बसोबासको व्यवस्था गरिएको छ ।

३) बस्ने अवधिमा स्थानीय स्तरमा नै उत्पादित तथा बनाइएको होमस्टेको खानाको व्यवस्था हुनेछ ।

४) लिगलिगे साइकल दौडको सौजन्य टिसर्टको व्यवस्था गरिएको छ ।

## रजिष्ट्रेशन कसरी गर्ने ?

यस लिगलिगे साइकल दौडको रजिष्ट्रेशन र शुल्क eSewa बाट फारम भरी जम्मा गर्नु पर्नछ ।

**QR Code :**

**Registration Link :** https://esewafonepay.page.link/liglige-cycle-race